## निर्णयहरु

१. जिल्लामा दोस्रो चरणको नयां भेरियन्ट सहितको कोभिड १९ संक्रमण रोकथाम नियन्त्रण र व्यवस्थापनका लागि हालसम्म भएका प्रयासहरुको वारेमा जानकारी गराइयो। मिति २०७८।१।२३ गते दिउँसो ३ बजे सम्म पाल्पा जिल्लामा ७५७ जना सक्रिय संक्रमित रहेका, ३७ जनाको अस्पतालमा सामान्य उपचार भइरहेको र ४४ जनाको मृत्यू भएको तथा ७२० जना होम आइसोलेसनमा रहेको जानकारी प्राप्त भयो। यसै गरी कोभिड विशेष वेडको सन्दर्भमा मिशन अस्पतालमा २० वेड, लुम्विनी मेडिकल कलेजमा ३६ वेड, पाल्पा अस्पतालमा १८ वेड तयार हुंदै गरेको अवस्थामा, बगनासकालीमा १० वेड, रिब्दीकोटमा ५ वेड, पूर्वखोलामा १० वेड, निस्दीमा ५ वेड, माथागढीमा १५ वेड, रैनादेवी छहरामा ५ वेड र रामपुर अस्पतालमा १ वेड गरी जम्मा १२५ वेड रहेको छ।

२. जिल्लामा संक्रमणको दर झनै तिव्ररुपमा बढीरहेको सन्दर्भमा हाल रहेका कोभिड विशेष वेडहरुको संख्या कम हुने भएको हुंदा प्रत्येक पालिकामा तत्काल अक्सिजन सहितको कम्तीमा २० वेडको कोभिड विशेष वेडहरु बनाउन अनुरोध गर्ने।

३. पाल्पा अस्पताललाई कोभिड विशेष अस्पतालको रुपमा संचालन गर्न अति आवश्यक भएकोले पाल्पा अस्पतालले तत्काल पहल चाल्ने। यसको लागि आवश्यक पर्ने अक्सिजन प्लान्ट जिल्ला समन्वय समिति र सवै पालिकाहरुको समन्वयमा स्थापना गर्ने तथा प्रदेश सरकारलाई समेत अनुरोध गर्ने ।

४. नयां भेरियन्ट सहितको कोभिड –१९ को संक्रमणको रोकथाम र नियन्त्रणका लागि जिल्ला संकट व्यवस्थापन केन्द्र (DCCMC) पाल्पाको मिति २०७८।१।१५ को निर्णय समेतका आधारमा संक्रामक रोग ऐन, २०२० को दफा २ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३) बमोजिम मिति २०७८।१।१७ गते राति १२.०० देखि मिति २०७८।१।२४ गते राति १२.०० बजे सम्म पाल्पा जिल्लाभर लागू हुने गरी जिल्ला प्रशासन कार्यालय पाल्पाबाट मिति २०७८।१।१५ गते जारी भएको निषेधाज्ञालाई संक्रमणको अवस्था कायमै रहेको हुंदा देहाय बमोजिमका केही बुंदाहरु संशोधन गरी अन्य बुंदाहरु यथावत कायम गरी मिति २०७८।१।२४ गते राति १२.०० वजेदेखि २०७८।२।४ गते राति १२.०० वजेसम्मका लागि निरन्तरता दिने। यो आदेशको कार्यान्वयनमा जिल्लास्थित सम्पूर्ण निकायहरुका तर्फबाट सहयोग गर्ने।

५. एम्बुलेन्स, दमकल, शववाहन, अत्यावश्यक खाद्य सामग्री मात्र विक्री गर्ने (किराना पसल वाहेक) पसल तथा पशुपंक्षीका दाना दूध, फलफूल, तरकारी, माछा, मासु, पानी, ग्यांस, पेटोलियम पदार्थ, निर्माण सामग्री बोकेका सवारी साधनहरु, औद्योगिक कच्चा पदार्थ बोकेका सवारी साधनहरु, चिकित्सक तथा स्वास्थकर्मीहरुले ड्युटी जान आउन प्रयोग गर्ने सवारी साधनहरु, औषधी तथा स्वास्थ सामग्री बोकेका सवारी साधनहरु, अत्यावश्यक सरकारी कामकाजका लागि प्रयोग हुने सरकारी सवारी साधनहरु, प्रेस पास तथा परिचयपत्र वाहक संचारकर्मीहरुले प्रयोग गरेका सवारी साधनहरु बाहेक पाल्पा जिल्लाभर यात्रुवाहक सार्वजनिक तथा निजी सवारी साधनहरुको संचालनमा रोक लगाउने। तर पाल्पा जिल्ला भएर अन्य जिल्ला जाने सवारी साधनहरु पाल्पा जिल्लामा यात्रु ओराल्न र चढाउन नपाउने गरी संचालन गर्न दिने।

६. सिनेमा हल, पार्टी प्यालेस, होटल, रेष्टुरेन्ट, नांचघर, क्लव, फुटसल, जिमखाना, ब्युटी पार्लर, शैलुन, सुनचांदी पसल, टेलरिङ्ग, वर्कसप, फुटपाथ पसलहरु लगायतका सेवा एवं स्थलहरु नखोल्ने तथा संचालन नगर्ने।

७. विवाह, व्रतवन्ध एवम अन्य संस्कारजन्य कार्यक्रमहरु घरमै संचालन गर्नुपर्ने र त्यस्ता कार्यक्रममा स्वास्थ सुरक्षाका मापदण्ड अनिवार्य रुपमा अपनाई १५ जना भन्दा बढी सहभागि हुन नपाइने।

८. औषधी एवम स्वास्थ सामग्रीका पसलहरु २४ सै घण्टा खुल्ला रहने। अत्यावश्यक दैनिक उपभोगका खाद्य सामग्री, दूध, फलफूल, तरकारी, माछा, मासु, पानी, ग्यांस, पेट्रोलियम पदार्थ तथा निर्माण सामग्रीका पसलहरु दिनमा १ पटकमात्र विहान ७.०० वजेबाट ९.०० वजेसम्म संचालन गर्न पाउने।

९. विकास निर्माण कार्यको हकमा सम्बन्धित निर्माण स्थलमा अनिवार्य रुपमा क्याम्प खडा गरी कामदारहरु राख्ने व्यवस्था मिलाउने।

१०. स्वास्थ, सुरक्षा, सन्चार, विद्युत, खानेपानी, दमकल, सरसफाई सेवा बाहेक अन्य सरकारी, गैर सरकारी कार्यालय, बैंक तथा वित्तिय संस्थाहरु (लघुवित्त, सहकारी, बीमा कार्यालयहरु) वाट प्रदान गरिने सबै सेवाहरु वन्द गर्ने ।

११. स्वास्थ्य प्रोटोकलको मापदण्ड पूरा गर्ने गरी पाल्पा जिल्लामा सन्चालित होटलहरुलाई स्थानीय तह, होटल व्यवसायी संघ, उद्योग वाणिज्य संघ, व्यापार संघका प्रतिनिधिहरुको रोहवरमा अनुगमन गरी मूल्य निर्धारण गर्ने गरी आइसोलेसन सन्चालन गर्न दिने ।

१२.जिल्ला संकट व्यवस्थापन केन्द्र (DCCMC) पाल्पाको मिति २०७८।१।१५ को निर्णयको वुंदा नं १२ को प्रत्येक पालिकामा हाल विद्यालयहरु बन्द रहेको हुदां पहिले स्थापना गरिएका क्वारेनटाइन तथा आइसोलेसन स्थलहरुलाई सम्बन्धित स्थानीय तहहरुले पुन: संचालनमा ल्याउने विषय र सवै स्थानीय तहको प्रत्येक वार्डस्तरमा सम्बन्धित वार्ड अध्यक्षज्यूको संयोजकत्वमा कोभिड -१९ को संक्रमण रोकथाम, व्यवस्थापन, सहजीकरण, समन्वय तथा निगरानीका लागि कार्य समूह (Action Team) बनाउने निर्णयको कार्यान्वयनको जानकारी हालसम्म पनि प्राप्त नभएको हुंदा कार्यान्वयन गरी जानकारी गराउन पुन : सवै पालिकालाई अनुरोध गर्ने।

१३. जिल्लामा थप भएका एम्वुलेन्सहरुको समेत नेपाल रेडक्रस सोसाइटि पाल्पाले विवरण तयार गर्ने, सवै पालिकामा रहेका एम्वुलेन्सहरुलाई सम्बन्धित स्थानीय तहले जुनसुकै अवस्थामा संचालन गर्न सकिने गरी कोभिड मैत्री बनाउने र तयारी हालतमा राख्ने साथै सोको विवरण एक प्रति सम्बन्धित निकायहरुमा पनि पठाउने।

१४. स्वास्थ कार्यालयले प्रत्येक दिनको स्वाव परीक्षणको नतिजाको नाम, ठेगाना र फोन नं. सहितको विवरण स्थानीय तहका स्वास्थ संयोजक मार्फत सोही दिन सम्बन्धित वार्ड अध्यक्ष तथा कार्य समूहका सवै सदस्यसम्म अनिवार्य रुपमा पुर्याउने व्यवस्था मिलाउने।